कुम्मायक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
यासोक, पाँचथर

प.सं. :-२०८०।८१
च.नं. :-
प्रदेश नं. १ , नेपाल

**सूचना !!** **सूचना !!** **सूचना !!**

**ड्राइभिङ तालिम सञ्चालन गर्न प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।**

**(दोस्रो पटक प्रकाशित मिति २०८०/११/१८)**

कुम्मायक गाउँपालिकाको चालु आ. व. २०८०/८१ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमबाट कुम्मायक गाउँपालिका वडा नं. ४ स्थित युवा ड्राइभिङ तालिम कार्यक्रम अन्तर्गत हलुका सवारी साधन ड्राइभिङ तालिम सञ्चालनका लागि रु तिन (३) लाख रकम विनियोजन भएकोले तालिम सञ्चालन गर्न इच्छुक तालिम प्रदायक संस्थाबाट परामर्श सेवा खरिद गर्नुपर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही कुम्मायक गाउँपालिका वडा नं ४ ले छनौट गरेका लाभग्राही (तालिम लिने व्यक्ति) अन्तर्गत कति जना लाभग्राही लाई प्रति दिन कति घण्टाको दरले कति दिन सम्म, एक व्यक्तिको कति दर रेटमा तालिम सञ्चालन गर्ने ( सवारी साधन अनुमति पत्रको लागि प्रतिष्पर्धा गर्न सक्ने क्षमताको तालिम प्रदान गर्ने) सम्बन्धमा आवश्यक विवरण संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

**निम्न :-**

१. प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु :
   - क) संस्थाको हकमा संस्था दर्ता र चालु आ. व. को लागि नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी,
   - ख) आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपी र आ. व. २०७९/८० सम्मको कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी,
   - ग) संस्थाले आफ्नो तालिम प्राप्त जनशक्तिको विवरण र प्रमाण पत्र प्रतिलिपी समेत पेश गर्नुपर्ने छ।

२. समय नाघी वा रीत नपुगी प्राप्त हुन आएको प्रस्ताव उपर कारवाही हुने छैन।

३. कुम्मायक गाउँपालिकाको वडा नं. ४ मा सेवा प्रदायकले आफ्नो सवारी साधन मार्फत प्रशिक्षकको व्यवस्था गरी तालिम सञ्चालन गर्नुपर्ने छ।

४. तालिम सञ्चालन गर्ने नगर्ने निर्णय कुम्मायक गाउँपालिकाको हुनेछ। थप जानकारीका लागी कुम्मायक गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ।

..............................
गणेश अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

फोन :०२४ ४१३०६१-
ई :मेल-**info@kummayakmun.gov.np**वेवसाइट: **www.kummayakmun.gov.np**

" सामाजिक आर्थिक विकासको पूर्वाधार ,समृद्ध कुम्मायकको आधार"